# आकस्मिक स्थितिको तयारी

विपतहरूका लागि आफू र आफ्ना प्रियजनहरूलाई तयार गर्ने 5 वटा तरिकाहरू यहाँ छन् ।

## आकस्मिक अलर्टहरूका लागि साइन अप गर्नुहोस्

अलर्ट ह्यामिल्टन काउन्टी (Alert Hamilton County) वा “Alert HC” भनेको आकस्मिक स्थितिहरू र अन्य महत्त्वपूर्ण जानकारीका बारेमा ह्यामिल्टन काउन्टीमा मानिसहरूलाई सावधान गराउने सूचना प्रणाली हो ।

तपाईंको सुरक्षालाई प्रभावित गर्न सक्ने सम्भावित खतरा र आकस्मिक स्थितिहरूका बारेमा 40 वटाभन्दा बढी भिन्न अलर्टहरूबाट छनौट गर्नुहोस् । यी सूचनाहरूले अनपेक्षित कुरा भइँहाल्दा तपाईं र तपाईंका प्रियजनहरूलाई सुरक्षित राख्नका लागि तपाईंलाई सूचित गर्न र आवश्यक कदमहरू चाल्नमा मद्दत गर्न सक्छन् ।

आफ्नो फोन वा इमेलमा सिधैं यी अलर्टहरू प्राप्त गर्नका लागि **AlertHC.org** मा साइन अप गर्नुहोस् ।

## आफ्नो बीमा कभरेजको समीक्षा गर्नुहोस्

तपाईं घरधनी वा भाडावाल जे भएता पनि रामो बीमा हुनु भनेको विपतबाट उभ्रिने उत्तम उपायहरू मध्येको एक हो । ह्यामिल्टन काउन्टीलाई असर गर्ने खतराहरूका लागि आफ्नो सम्पत्तिको पर्याप्त रूपमा कसरी बीमा गर्ने भन्ने बारेमा बीमा विशेषज्ञसँग कुरा गर्नुहोस् । बाढी बीमा जस्तो खतरासँग सम्बन्धित रहने कभरेजमाथि सोचविचार गर्नुहोस् ।

## महत्त्वपूर्ण कागजातहरूलाई सुरक्षितपूर्वक राख्नुहोस्

आफ्ना महत्त्वपूर्ण कागजातहरूलाई सुरक्षित रूपमा राख्दा त्यसले विपतबाट उभ्रिने प्रक्रियालाई कम तनावपूर्ण बनाउँछ । तपाईंले सुरक्षित राख्न चाहेका सामग्रीहरूका प्रतिलिपिहरूलाई बोक्न मिल्ने, पानी नछिर्ने कन्टेनरमा राख्नुहोस् वा तिनीहरूलाई स्क्यान गरेर युएसबि फ्ल्यास ड्राइभमा सेभ गरेर राख्नुहोस् जसलाई तपाईंले आफूसँग लैजान सक्नुहुन्छ । सुरक्षित राख्नुपर्ने महत्त्वपूर्ण कागजातहरूमा निम्न पर्दछन्:

- पहिचानसम्बन्धी कागजातहरू (पहिचानसम्बन्धी रेकर्डहरू, आप्रवासनसम्बन्धी कागजपत्र इत्यादि)
- वित्तीय र कानुनी कागजातहरू (बीमा, आवास, सवारीसाधन, बैंक, सेवानिवृति रेकर्डहरू)
- मेडिकल रेकर्डहरू (स्वास्थ्य बीमा, चिकित्सकीय कागजपत्र, अहिलेको प्रेस्क्रिप्सन जानकारी इत्यादि)
- कुनै पनि मूल्यवान व्यक्तिगत सामग्रीहरू (परिवारका फोटो, निशानी वा स्मृति चिन्ह वा अपूरणीय सामग्रीहरू)

## आकस्मिक योजना बनाउनुहोस्

विपतको बेला तपाईंको परिवार सँगै नहुन सक्छ, त्यसैले छुट्टिएको भएमा तपाईंहरूले एकअर्कालाई कसरी सम्पर्क गर्नुहुनेछ र जोडिनुहुनेछ भनेर जान्न महत्त्वपूर्ण हुन्छ । परिवार भेट गर्ने ठाउँ तय गर्नुहोस् जोकि परिचित र भेटाउन सजिलो होस् । परिवारका सबै सदस्यहरूलाई आकस्मिक सम्पर्क र महत्त्वपूर्ण फोन नम्बरहरू थाहा छ भनेर सुनिश्चित गर्नुहोस् । यदि तपाईंलाई परिवार, साथीभाइ, छरछिमेक वा अन्य स्याहारकर्ताहरूको सहयोग आवश्यक पर्छ भने आफ्नो योजना प्रक्रियामा उनीहरूलाई पनि समावेश गर्नुहोस् ।

## आकस्मिक किट तयार गर्नुहोस्

आकस्मिक स्थितिपछि तपाईं र तपाईंको परिवारले धेरै दिनसम्म विद्युत वा धाराको पानीबिना रहनुपर्ने हुन सक्छ । सजिलोसँग बोक्न मिल्ने कन्टेनर वा झोलाहरूमा तपाईंलाई आवश्यक पर्ने सामग्रीहरू जम्मा गरेर तयार रहनुहोस् र तपाईंको घरपरिवारका निश्चित आवश्यकताहरू (उदाहरण: बच्चाबच्ची, पाल्तु जनावर, वृद्धवृद्धा, अपाङ्गता भएका मानिसहरू) अनुसार आफ्नो किटमा सामग्रीहरू राख्नुहोस् ।

- पानी (पाल्तु जनावर सहित प्रति व्यक्ति, प्रति दिन 1 ग्यालेन)
- छिट्टै नबिग्रिने खालका खानेकुराहरू र हातले खोल्न मिल्ने क्यान ओपनर
- फ्ल्यासलाइट, ब्याट्री र बोक्न मिल्ने फोन चार्जरहरू
- आवश्यक औषधिहरू, सरसफाइका सामग्रीहरू र प्राथमिक उपचार किट
- कपडा, ब्लान्केट, सहज महसुस गराउने सामग्रीहरू र नगद



# ह्यामिल्टन काउन्टीको बाहिरी चेतावनी साइरन प्रणालीबारे

ह्यामिल्टन काउन्टीको बाहिरी चेतावनी साइरन प्रणाली काउन्टीभरि नै रणनीतिक हिसाबले राखिएका करिब 190 वटा साइरनहरूबाट बनेको छ । ती साइरनहरूलाई बाहिर खुला ठाउँमा रहेका मानिसहरूलाई खतरनाक परिस्थिति छ र उनीहरूले तत्काले भित्री बन्द ठाउँहरूमा सेल्टर लिनुपर्छ भन्ने बारेमा थाहा दिन प्रयोग गरिन्छ ।

ह्यामिल्टन काउन्टीको EMHSA ले विपदको बेला साइरनहरूले ठिकसँग काम गर्नेछन् वा घरभित्र वा बन्द ठाउँ वा हल्लायुक्त ठाउँहरूमा सुनिनेछन् भनेर ग्यारेन्टी गर्न सक्दैन । यस कारणले गर्दा खतराको सूचनाका लागि साइरनहरू तपाईंको एक मात्र स्रोत हुनुहुँदैन । सबैजनाको आकस्मिक अलर्टहरू प्राप्त गर्ने विभिन्न तरिकाहरू हुनुपर्छ । तपाईंको सुरक्षामा असर पार्न सक्ने खतराहरूका बारेमा महत्त्वपूर्ण सन्देशहरू प्राप्त गर्नका लागि अलर्ट ह्यामिल्टन काउन्टी (Alert Hamilton County) (www.AlertHC.org) का लागि नाम दर्ता गराउनुहोस् । आकस्मिक जानकारी प्राप्त गर्ने अन्य तरिकाहरूमा NOAA मौसम रेडियो र स्थानीय सञ्चारबाट प्रसारित समाचार सुन्ने पर्दछन् ।

## साइरनहरू कहिले-कहिले सक्रिय हुन्छन् ?

- राष्ट्रिय मौसम सेवा (National Weather Service) ले टोर्नाडोको चेतावनी जारी गर्दा
- सार्वजनिक सुरक्षाका अधिकारीले टोर्नाडोका बारेमा रिपोर्ट गर्दा
- सर्वसाधारणले तत्काले भित्री बन्द ठाउँहरूमा सेल्टर लिएर बस्न आवश्यक पर्ने खतरनाक परिस्थिति आइपर्दा ।

## आकस्मिक स्थितिमा मैले साइरनहरूको आवाज सुनें भने मैले के गर्नुपर्छ ?

तत्काले भित्री बन्द ठाउँहरूमा सेल्टर लिन खोज्नुहोस् । सम्भव भएसम्म भवनको सबैभन्दा तल्लो ठाउँमा गएर सबैभन्दा भित्री कोठाभित्र सेल्टर लिएर बस्नुहोस् र सबै झ्यालहरूबाट टाढै रहनुहोस् । तत्काले जानकारी लिने प्रयास गर्नुहोस्: सूचनाहरूका लागि आफ्नो फोन हेर्नुहोस्, मौसम बताउने रेडियो बजाउनुहोस् र स्थानीय सञ्चारबाट प्रसारित समाचार सुन्नुहोस् ।

## आकस्मिक स्थितिमा साइरनहरूले कति लामो समयसम्म आवाज निकाल्छन् ?

टोर्नाडोको चेतावनीको बेला खतरा पार नहुँदासम्म दश मिनेटको अन्तरालमा तीन मिनेटसम्म लगातार बज्नेछ (तीन मिनेट बज्ने, सात मिनेट बन्द रहने) । "खतरा हटेको" भनेर जनाउने साइरन भन्ने हुँदैन ।

## बाहिरी चेतावनी साइरनहरूको परीक्षण कहिले-कहिले गरिन्छ ?

साइरन भएको ठाउँमा खराब मौसम नहुँदासम्म साइरनहरूलाई प्रत्येक महिनाको पहिलो बुधबार दिउँसो 12:00 बजे (मध्यान्हमा) परीक्षण गरिन्छ । परीक्षणको बेला साइरनहरू एक मिनेटका लागि बज्नेछन् ।

यदि ह्यामिल्टन काउन्टीमा खराब मौसम (गम्भीर आँधीबेहरी वा एकदमै बर्फबारी) छ भने साइरन उपकरणलाई सुरक्षित राख्न वा झुक्किनबाट बच्न परीक्षणहरूका लागि अर्को समय निर्धारित गरिन्छ । पुन: समय निर्धारित गरिएका परीक्षणहरू महिनाको दोस्रो बुधबार दिउँसो 12:00 बजे (मध्यान्हमा) गरिन्छ र परीक्षणहरू करिब दश सेकेण्डसम्म हुनेछ ।

**बाहिरी चेतावनी साइरन प्रणालीको परीक्षणहरूको बेला सेल्टर लिन आवश्यक पर्दैन ।**

## टोर्नाडो भनेको के हो ?

टोर्नाडो भनेको प्रति घण्टा 200 माइलसम्मको गतिमा खतरनाक तरिकाले निरन्तर वृत्ताकार घुमिरहने एक किसिमको भुमरीजस्तै हुरी हो र यो जमिनमा पानी नभएको मेघगर्जन सहितको आँधीबाट बढ्दै जान्छ । तिनीहरू एकदमै खतरनाक हुन्छन् र तिनीहरूले भवनहरूलाई ध्वस्त पार्न, कारहरूलाई उल्टाउन र हावामा घातक टुक्राटुक्रीहरू उडाउन सक्छन् । तिनीहरू प्राय: गर्मीका महिनाहरूमा हुने गर्छन् तर तिनीहरूको वर्षको कुनै पनि समय खराब मौसममा हुन सक्छन् ।

राष्ट्रिय मौसम सेवाले टोर्नाडोहरूका बारेमा 2 प्रकारका अलर्टहरू पठाउँछ:

### टोर्नाडो वाच

टोर्नाडो *हुन सक्छ* / मौसमी अवस्थाहरू टोर्नाडो बनाउन सक्षम छन् । सावधान रहनुहोस् र आवश्यक कदम चाल्न तयार रहनुहोस् ।

### टोर्नाडो वार्निङ

टोर्नाडो *भइरहेको छ* / तत्काले भित्री बन्द ठाउँहरूमा सेल्टर लिनुहोस् ।

आफ्नो फोन वा इमेलमा सिधैं यी अलर्टहरू प्राप्त गर्नका लागि AlertHC.org मा साइन अप गर्नुहोस् ।